# ७ परमेश्वरतिर डोऱ्याउने विश्वास तथा निष्ठाको मार्ग

<u>*यस अध्यायका मूल पदहरू*</u> :गलाती ३:२१-२५ ,लैबी १८:५ ,रोमी ३:९-१९ ,१ कोरन्थी ९:२० ,रोमी ३:१,२ ,रोमी ८:१-४।

<u>*यस अध्यायको मूल पद*</u> :"पापले गर्दा सारा संसार पापको झ्यालखानामा परिरहेको छ, भनेर धर्मशास्त्र बाइबलले घोषणा गर्दछ। यद्यपि ,जुन प्रतिज्ञा दिइएको छ त्यो येशू ख्रीष्टमाथि विश्वास गर्नेले वा उहाँको निष्ठामा रहनेले पाउन् भनेर त्यस प्रतिज्ञालाई उपलब्ध गराइएको छ। )"गलाती ३:२२ रूपान्तरित(।

घरमा पालिएका परेवाहरू दिनमा सयौं माइल उडेतापनि नहराईकन अचम्म प्रकारले ठीक समयमा आफ्नो लक्ष्यमा पुग्छन् भन्ने धेरै समयदेखि थाहा भएको प्रचलित तथ्य हो। तैपिन जतिसुकै घर पालुवा असल तालिमप्राप्त परेवा भएतापनि कहिलेकाहीँ उडेको ठाउँबाट कुनै न कुनै प्रकारको गडबडले गर्दा फर्केर आउन नसकेको घट्नाहरू उल्लेख भएकाछन्। यसको बारेमा सबभन्दा दुःख लाग्दो घट्ना बेलायतमा भएको थियो। एक दिन ६ लाख भन्दा बेसि डलर मूल्यपर्ने बीसहजार दामी घर पालुवा परेवाहरूलाई उडाइएको थियो। तिनीहरू कहिल्यै पनि फर्केर आएनन्। तिनीहरू किन आएनन् सो आजसम्म पनि थाहा छैन।

आफू हराउँदा वा आफ्नो लक्ष्यमा गडबड हुनु पक्कै पनि रमाइलो होइन। यदि हामी हराउँछौं भने त्यसबेला चिन्ता र डरले हाम्रो दिमाग ओगेटेको हुन्छ। यसले हामीलाई भयभीत पनि बनाउँदछ।

आत्मिक संसारमा पनि त्यहि कुरा सत्य भएको छ। येशूलाई विश्वास गरेपछि पनि ,बप्तिस्मा लिइसकेता पनि ,चर्चमा अग्रज भूमिका खेलेतापनि हामी हराउन सक्दछौं, हामीहरूको विश्वास, निष्ठा वा आस्थामा गडबड पारिन सक्दछौं। कतिपय समयमा परमेश्वरतिर कहिल्यै पनि नफर्किने पनि भइएको छ।

तर रमाइलो तथा शुभ समाचार त यो छ कि परमेश्वरले हामीलाई हामीहरूकै हातमा छोड्नुहुन्न। हामी कुन आस्था ,विश्वास वा निष्ठामा हिँडिरहनुपर्छ भनेर उहाँले सुसमाचारको पुस्तकहरूमा नक्सा कोर्नुभएको छ। तर त्यो नक्सा भित्र रहन विधि पालन गर्नु आवश्यक छ। नक्सा अनुसार चल्न चाहन्छ भने त्यहाँ कोरिएको मार्ग अनुसार चल्नु पनि पर्दछ। व्यवस्थित ढँगले हिंड्न चाहन्छ भने त्यहाँ व्यवस्था वा विधि पनि हुनुपर्दछ। कतिले त

व्यवस्था पालन गर्नु र  परमेश्वरले कोर्नुभएको नक्सा भित्र बस्नु भिन्ना भिन्नै कुरो हो भनेर सोच्दछन्। कति इसाई हुँ भनेर दावी गर्नेहरूले परमेश्वरको दश आज्ञा र विश्वास एक आपसमा बिपरित छन् भनेर पनि सिकाउँदै तिनीहरूलाई अलग पार्दछन् । तर यो गलत धारणा हो। यसको परिणाम दुःखित र गम्भीर हुनसक्दछ। यथार्थमा भन्ने हो भने यदि व्यवस्था, दश आज्ञा वा विधिको शासन छैनभने सुसमाचार पनि हुनेथिएन। यो तितो सत्य हो। परमेश्वरको व्यवस्था बिना सुसमाचारको औचित्य छैन भन्ने तर्क बुझ्न त्यत्ति सजिलो पनि छैन।

## १. व्यवस्था वा दश आज्ञाहरू र प्रतिज्ञा

**"के परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू एक आपसमा बाझ्दछन् त?" (गलाती ३:२१ रूपान्तरित)।**

परमेश्वरले गर्नुभएका कबुलहरूको बारेमा पावलले टिप्पणी गर्दा व्यवस्थाको प्रतिष्ठालाई ओझेलमा पारिदियो भनेर उनका बिद्रोहीहरूले उनलाई आरोप लगाउने सम्भावना हुन्छ भनेर पावललाई थाहा थियो। पावलले प्रतिज्ञाहरूलाई प्राथमिकता दिने नाउँमा मोशा र यहूदी धर्मशास्त्र तोराहलाई पर्दाले ढाकिदिएका छन् भनेर उनका बिरोधीहरूले फैलाएका थिए। त्यसकारण उनीहरूले जे सोचिरहेका थिए, त्यहि सोच पावलले खुलाइ दिन्छ :“ व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूसँग बाझ्दछन् भनेर के तपाईंहरूले सोचिरहनुभएको छ?" त्यसको जवाफ कडा शब्दमा पावल आफैले दिँदछन् “अहँ ,कदापी होइन  "! यस्तो खालका सोच असम्भव छ किनकि परमेश्वर आफ्नो खिलाफमा जानुहुन्न। दुबै प्रतिज्ञा र व्यवस्था परमेश्वरले नै दिनुभएको हो। परमेश्वरको कबुल वा प्रतिज्ञा र व्यवस्था एक आपसमा उल्टोतिर मुख फर्काएर बस्दैन। बरू परमेश्वरले तयार गर्नुभएको मुक्तिको गुरू योजनामा दुबैले फरक भूमिका खेलेको पाइन्छ।

**मानव जीवनमा व्यवस्थाको भूमिकालाई पावलका बिरोधीहरूले कस्तो गलत धारणा राखेका थिए ?तुलनात्मक रूपमा देहायका पदहरू हेर्नुहोस् :गलाती ३:२२ " तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्।",  लेवी १८:५ " तिमीहरूले मेरा यी विधिविधानहरू पालन गर्नू, किनभने ती पालन गर्ने मानिस तीद्वारा जीवित रहनेछ। म परमप्रभु हुँ।"  र व्यवस्था ६:२४ " परमप्रभुले नै हामीलाई यी सबै विधि पालन गर्ने र परमप्रभु**

**हाम्रा परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो, ताकि हाम्रो निरन्तर हित होस्, र आज पर्यन्तझैं हाम्रो जीवनको पनि रक्षा होस्।" (व्यवस्था ५:२९ "मेरो डर मान्ने र सधैं मेरा सबै कुरा पालन गर्ने तिनीहरूका हृदय भए त हुनेथियो, ताकि तिनीहरू र तिनीहरूका सन्तानको भलो सधैंभरि होस्) ।**

व्यवस्थाको रितिथितिलाई अक्षरस पालन गर्दा आत्मिक जीवन सम्पन्न हुन्छ भनेर ती मानिसहरूले विश्वास गरेका थिए। हुनसक्छ पुरानो करारको लेवी १८:५ र व्यवस्था ६:२४को गलत व्याख्या गर्दा ती गलत निष्कर्षहरूमा तिनीहरू पुगेका होलान्। परमेश्वरको करारको दायरामा बस्नेहरूको जीवनलाई व्यवस्थाले कसरी निर्देशित गर्दछ वा कस्तो खालको जीवन बिताउनुपर्छ भनेर देखाउन ती पदहरूले मार्ग निर्देशन भएर देखाउँछन् भनेर बुझ्नुपर्ने हो। तर परमेश्वरसँगको सम्वन्धमा व्यवस्था जिम्मेवारी छ भनेर मानिसहरूले सोचेका थिए। तर मानिसहरूलाई आत्मिक रूपमा जीवित गराउन केवल परमेश्वरको शक्ति र उहाँको आत्माको सक्रियताले मात्र हुन्छ भन्ने तथ्यलाई बाइबलले स्पष्ट पार्दछ )२ राजा ५:७ " इस्राएलका राजाले त्यो चिट्ठी पढ्ने बित्तिकै आफ्ना लुगा च्यातेर भने, "के म परमेश्वर हुँ र? मार्न र जिउँदो पार्न सक्छु र? यस मानिसले किन त्यसको कुष्ठरोगबाट निको पार्न कसैलाई मकहाँ पठाउँछ? हेर त, त्यसले मसित झगड़ाको निहुँ खोज्दैछ!" ,नेहमिया ९:६ "तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्।", यूहन्ना ५:२१ "किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवन दिँदछ।" र रोमी ४:१७ " जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ।"(। व्यवस्थाले कुनै मानिसलाई आत्मिक रूपमा जीवित पार्न सक्दैन। तर यसको अर्थ यो पनि होइन कि , व्यवस्थाले परमेश्वरको प्रतिज्ञा वा कबुलहरूको प्रतिरोध गर्दछ।

व्यवस्थाले मानिसलाई जीवन दिन सक्दैन भनेर पावलले प्रमाणित गर्न खोजेको पाइन्छ। गलाती ३:२२मा पावलले लेख्दछ,"पापले गर्दा सारा संसार कैदी भएको छ भनेर बाइबलले घोषणा गर्दछ) "रूपान्तरित(।" हामी कस्तो खराब र दुष्ट छौं भनेर पावलले रोमी ३:९-१२मा पुरानो करारका पदहरूलाई उद्धृत गर्दै यसरी व्यक्त गर्दछन् " ९ उसो भए के हामी यहूदीहरू अझ असल

छौं त? अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पापको वशमा छन् भनी मैले दोष लगाइसकेको छु। १० जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन, ११ बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। १२ ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।" (भजन १४:१-३ भजन ५३:१-३ )। योजनावद्ध रूपमा ती पदहरू जथाभावी होइन तर एक आपसमा जोडेर पावलले पुरानो करारलाई उद्‌धृत गरेर लेख्दछन्। उदाहरणमा ,पापको समस्याको मूल जड नै मानिसहरूको स्वार्थी नियत हो जसले मानव हृदयलाई प्रदुषित पार्दछ। अनि अघि बढेर उनले आफ्नो मन्तव्य व्यक्त गर्दछ ,संसारको प्रत्येक मानिसको हृदयमा पापले अतिक्रमण गरेको छ।

पावलले के भन्न खोजिरहेका छन् त ?पाप सबैतिर फैलिएको छ ,र त्यसको समाधान गर्न व्यवस्था सिमित छ। हामीहरूको निम्ति येशू ख्रीष्ट बफादारी हुनुभएकोले नै हामीहरूमा अनन्त जीवन आउने सम्भावना भएको छ। यही महान् सत्य तथा आत्मज्ञानले गर्दा पन्ध्रौं शताब्दीमा इसाई सुधारवादीहरूको उदय भएको थियो।

**हो, व्यवस्थाको अधीननियमलाई पालन गऱ्यौं भन्दैमा हामीले मुक्ति पाउँदैनौं। त्यसकारण व्यवस्था विषेश गरेर दश आज्ञालाई पालन गर्नुको औचित्य के हो त ?त्यसबाट हामीलाई के फाइदा हुन्छ त ?परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गरेर केहि उपलब्धी भएको तपाईंले अनुभव गर्नुभएको छ?**

## २. "व्यवस्थाको अधीनमा राखिएको"(गलाती ३:२२ ,२३)

"विश्वास आउनुभन्दा अघि हामीलाई व्यवस्थाको अधीनमा राखिएको थियो" रूपान्तरित (भनेर गलाती ३:२३मा पावलले लेख्दछन्। जब उनले यहाँ "हामी "भन्ने शब्द प्रयोग गर्दछन् त्यो गलातीका चर्चहरूमा भएका यहूदी इसाईहरूलाई सम्वोधन गर्दै भनेका थिए। ती यहूदी इसाईहरूलाई व्यवस्थाको बारेमा राम्रो ज्ञान थियो। गलाती २:१५ देखि पावलले तिनीहरूलाई यहि विषयमा भनिरहेका थिए। तर यहाँ गलाती ३:२३मा उल्लेख गरेको "हामी "र गलाती ३:२६को "तिमीहरू"मा भिन्नता देख्दछौं।

गलाती ३:२३मा यसरी पढिन्छ ,"विश्वास आउनुभन्दा अघि "तर ग्रीक भाषामा यसरी पढिन्छ ,"जब त्यो विश्वास आयो"। येशूलाई विश्वास गर्नु भन्दा अघि व्यवस्थाको स्थान र विश्वास गरेपछि त्यसको स्थानको भिन्नता पावलले देखाइरहेको थियो )गलाती ३:२४(। त्यसकारण "त्यो विश्वास "

भन्दा येशू आफै हुनसक्नुहुन्छ ,साधारण प्रयोग गरिने इसाई विश्वास नहुनसक्छ।

येशू आउनुभन्दा अघि यहूदीहरू "व्यवस्थाको अधीनमा थिए " भनेर पावलले भन्दछन्। गलाती ३:२२,२३मा लेखिएको छ "२२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्। २३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं।" "व्यवस्थाको अधीन वा बशमा "भन्नुको तात्पर्य के हो त ? ती पदहरूसँग देहायका पदहरू तुलना गर्नुहोस्: रोमी ६:१४,१५ "१४ पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ। १५ अब के त? के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि होइन।", १ कोरन्थी ९:२० "यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ।", गलाती ४:४,५,२१ "४ तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो। ५ व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं।...२१ तिमीहरू व्यवस्थाको अधीनमा रहन चाहनेहरूले मलाई भन, व्यवस्थाले के भन्छ के तिमीहरूलाई थाहा छैन? " र गलाती ५:१८ "तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका हौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ।"

आफ्ना पत्रहरूमा पावलले "व्यवस्थाको बशमा वा अधीनमा "भनेर १२ पटक प्रयोग गरेको पाइन्छ। कुन सन्दर्भमा यो वाक्य प्रयोग गरिएको थियो, यसको दुई फरक अर्थ हुनसक्छ।

क) "व्यवस्थाको बशमा वा अधीनमा "भन्दा मुक्ति प्राप्त गर्न मानिसले पालन गर्ने व्यवस्था )गलाती ४:२१(। गलातीमा रहेका पावलका विरोधीहरूले अनन्त जीवन दिने धार्मिकता विधिबिधानहरू पालन गरेर प्राप्त गर्न कोशिष गरिरहेका थिए। तर यो असम्भव छ भनेर स्पष्ट रूपमा पावलले भनिसकेको थियो) गलाती ३:२१,२२(। पावलले अझ कडा शब्दमा पछि औंल्याउँदछ कि व्यवस्थाको बशमा रहने इच्छा गर्दा गलातीहरूले ख्रीष्टलाई अस्वीकार गरिरहेका थिए )गलाती ५:२-४(।

ख. “व्यवस्थाको बशमा वा अधीनमा "भन्दा दोषी ठहराउने व्यवस्थाको अधीनमा भनेको देखिन्छ रोमी ६:१४,१५। व्यवस्था आफैले पापलाई क्षमा दिन सक्दैन। त्यसैकारण कसैले व्यवस्थालाई तोड्छ भने अन्तमा त्यसको नतिजा त्यो मानिस दोषी ठहरिन गएको हुन्छ। समस्त मानव प्राणी यहि अवस्थामा छन्। जेलको हाकिमले जस्तै व्यवस्थाले काम गर्दछ। जो जो व्यवस्थाको उलङ्घन वा अवज्ञा गर्दछ तिनीहरूलाई व्यवस्थाले बाँधेर राख्दछ र मृत्यु दण्डको निम्ति तिनीहरूलाई वन्धनमा राख्दछ। “व्यवस्थाको मुनि वा बशमा "भनेर जब पावलले प्रयोग गर्दछन् त्यसले पहरदारी वा वन्धकको गलाती ३:२३ रूपमा प्रयोग गरिएको हो भन्ने पछिको पाठमा हामीले हेर्नेछौं।

ग्रीक शब्द ,इनिमोस ennoms लाई प्रायजसो “व्यवस्थाको अधीनमा वा बशमा "भनेर अनुवाद गरिएको पाइन्छ। तर यसको साँच्चिक्कै अर्थचाहिँ “व्यवस्थाको परिधिभित्र "हो। अर्को अर्थमा भन्ने हो भने ख्रीष्टसँग एक भएपछि व्यवस्थाका अधीनहरूको परिधिभित्र रहनु हो कोरन्थी ९:२१। तर “व्यवस्थाको काम भन्दा "ख्रीष्टबिनाको जीवनले व्यवस्थालाई पालन गर्न खोज्नु हो। तर यसले मानिसहरूलाई निर्दोष ठहराउन सम्भव छैन किनभने केवल विश्वासद्वारा मात्र मानिस धर्मी भएर बाँच्न वा जीउन सक्दछ गलाती ३:११। यस आत्मज्ञानको अर्थ यो होइन कि व्यवस्था असल छैन। तर व्यवस्थाले हामीलाई अनन्त जीवन दिन सक्दैन भनेर त्यसले देखाउँदछ। येशू आइसक्नुभएपछि व्यवस्थालाई पालन गरेर धर्मी हुने धारणा पुरानो संस्कारमा गनियो भन्ने कुरामा हामी यकिन हुनुपर्दछ।

## ३. व्यवस्था हाम्रो सुरक्षकको रूपमा

पावलले व्यवस्थाको बारेमा दुई आधारभूत निष्कर्ष प्रस्तुत गर्दछन्। पहिलो त ,अब्राहमलाई परमेश्वरले दिनुभएको प्रतिज्ञालाई व्यवस्थाले निकम्मा तुल्याउँदैन वा खारेज गर्दैन गलाती ३:१५-२०। दोश्रो ,परमेश्वरका प्रतिज्ञाहरूको बिरुद्धमा व्यवस्था छैन गलाती ३:२१,२२।

अनि व्यवस्थाले हाम्रो जीवनमा कुन भूमिका खेल्दछ त ?(अर्थात् येशूलाई विश्वास गरेपछि व्यवस्थाको औचित्य समाप्त भयो त?)। मानिसको पाप वा अपराधले गर्दा व्यवस्था थपियो भनेर पावलले लेख्दछन् (गलाती ३:१९ रूपान्तरित।) व्यवस्थाको बारेमा तीन विभिन्न शब्दहरू प्रयोग गरेर पावलले आफ्नो धारणालाई स्पष्टरूपमा राख्दछन् ,विशेष गरेर ती शब्दहरू कीङ्ग जेम्स बाइबलमा यसरी अनुवाद गरिएको छ :हामीलाई व्यवस्थाको अधीनमा राखियो , विश्वास नआएसम्म हामीलाई थुनिएर राखियो र हाम्रो पाठशालाको गुरु स्कुलमास्टर ,नेपाली अनुवादमा संरक्षक (पद २४)।

**प्रार्थनापूर्वक र ध्यानपूर्वक गलाती ३:१९-२५ पढ्नुहोस्। गहिरो तरिकाले पावलले व्यवस्थाको बारेमा यहाँ के भनीरहेका छन् त? हेर्नुहोस्: "१९ तब व्यवस्थाको आवश्यकता किन पऱ्यो त? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउञ्जेल अपराधको कारणले व्यवस्था थपियो। अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गऱ्यो। २० एउटैको मात्र मध्यस्थ हुँदैन, तर परमेश्वर एउटै हुनुहुन्छ। २१ तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्। २३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं। २४ विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो। २५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं।"**

गलाती ३:१९मा उल्लेखित व्यवस्थाको सन्दर्भमा पावलले गरेका टिप्पणीहरूलाई प्रायजसो बाइबलको आधुनिक अनुवादहरूमा नकारात्मक तरिकाले व्याख्या गरेको पाइन्छ। तर सुरूको ग्रीक भाषा अर्थात् जुन भाषामा पावलद्वारा यो पत्र लेखिएको थियो ,त्यसले नकारात्मक सन्देश दिँदैन। ग्रीक भाषामा "राखियो"को अर्थ "रक्षक" भनेर अर्थ लगाइएको छ। यो शब्द नकारात्मक रूपमा पनि प्रयोग गरिन्छ ,जस्तै अपहरणकर्ताले माग पूरा नभएरसम्म वन्धक बनाउने वा निगरानी वा पहरेदारी))२ कोरन्थी ११:३२(। तर नयाँ करारमा व्यवस्थालाई सकारात्मक अर्थ दिइएको पाइन्छ जस्तै “सुरक्षा दिने "वा “सुरक्षित राखिएको) "फिलिप्पी ४:७ ,१ पत्रुस १:५(। “थुनिएको "वा “प्रकट नहुञ्जेल राखिएको "भन्ने अनुवादको अर्थ पनि त्यहि हो गलाती ३:२३।

अनुवाद गर्ने क्रममा त्यो शब्दलाई यसरी पनि अनुवाद गर्न सकिन्छ : १ (“बन्द गर्नु) "उत्पत्ति २०:१८, २ (“थुनिनु) "प्रस्थान १४:३ ,यहोशू ६:१ ,यर्मिया १३:१९, ३ (“पक्रनु "वा कुनै पदार्थ भित्र बाहिर ननिस्कुन् भनेर त्यस भित्र समावेश गर्नु जसरी जालोमा माछा लुका ५:६ (अथवा ) ,४ (“सिमित गर्नु "अर्थात् कोहि आफ्नो इच्छाको बिपरित जान नचाहे त्यहि भित्रै उसलाई राखी छोड्नु“ -अनाज्ञाकारितामै सुम्पिएको छ) "रोमी ११:३२। उपरोक्त उदाहरणहरूले गलाती ३:१९को शब्दलाई सकारात्कम र नकारात्मक अर्थ लगाउन सकिन्छ।

इस्रायलीहरूको निम्ति दश आज्ञा (नैतिक व्यवस्था)र रितिथितिको व्यवस्था कसरी सहयोगी भयो त ?देहायका पदहरू पढ्नुहोस् :रोमी ३:१,२ "अब यहूदीलाई के फाइदा छ त? अथवा खतनाको के मोल? २ हरप्रकारले यसमा ज्यादै लाभ छ। सर्वप्रथम त परमेश्वरको वाणी यहूदीहरूलाई सुम्पिएको हो।", व्यवस्था ७:१२-२४ "१२ तिमीहरूले यी विधिविधानहरू सुनेर पालन गऱ्यौ भने परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसँगको प्रेमको करार पूरा गर्नुहुनेछ, जस्तो उहाँले तिमीहरूका पिता-पुर्खासँग प्रतिज्ञा गर्नुभयो। १३ उहाँले तिमीहरूलाई प्रेम गर्नुहुनेछ, र तिमीहरूलाई आशिष्‌दिएर तिमीहरूलाई वृद्धि गर्नुहुनेछ। उहाँले तिमीहरूलाई दिन्छु भनेर तिमीहरूका पिता-पुर्खासित प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका शरीरको फल, भूमिको फल– अन्न, नयाँ दाखमद्य, तेल– गाईबस्तुका बाछा-बाछीमा र भेड़ाबाख्राका पाठाहरूमाथि पनि उहाँले आशिष्‌दिनुहुनेछ। १४ तिमीहरू अरू मानिसहरूभन्दा ज्यादै आशिर्वादी हुनेछौ। तिमीहरूका पुरुष वा स्त्रीहरूमध्ये कोही पनि निस्सन्तान हुनेछैन न त पशुहरूमध्ये कुनै पनि बैला हुनेछ। १५ अनि परमप्रभुले तिमीहरूलाई सबै रोग-बिमारीबाट स्वतन्त्र राख्नुहुनेछ। तिमीहरूले मिश्रमा देखेका भयानक रोगहरू उहाँले तिमीहरूमाथि ल्याउनुहुनेछैन, तर तिमीहरूसँग वैरभाव राख्नेहरूमाथि ती ल्याउनुहुनेछ। १६ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका हातमा दिनुहुने सबै जातिलाई तिमीहरूले नाश गर्नू, उनीहरूलाई नटिठ्याउनू। उनीहरूका देवताहरूको सेवा नगर्नू, किनभने त्यही नै तिमीहरूलाई फसाउने पासो हुनेछ। १७ "यी जाति हामीभन्दा बलिया छन्। हामी कसरी यिनीहरूलाई निकाल्न सकौंला?" भनी तिमीहरूले आफ्नो मनमा सम्झौला। १८ तर उनीहरूसँग नडराओ। परमप्रभु तिमीहरूका परमेश्वरले फारो र सारा मिश्रलाई के गर्नुभयो त्यसको स्मरण गर। १९ ठूला-ठूला सङ्कष्टहरू, अचम्मका चिन्हहरू, आश्‌चर्यकर्म, र आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर तिमीहरूलाई निकाली ल्याउनुभएको त्यहाँ तिमीहरू आफैले देखेका थियौ– त्यसरी नै परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू अहिले डराएका ती सबै जातिसँग पनि गर्नुहुनेछ। २० यसबाहेक परमप्रभु तिमीहरूका परमेश्वरले उनीहरूका बाँकी रहेका र तिमीहरूदेखि लुक्नेहरू नष्ट नहोउञ्जेल उनीहरूका बीचमा अरिङ्गाल पठाउनुहुनेछ। २१ उनीहरूदेखि नडराओ, किनकि परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूसित हुनुहुन्छ। उहाँ महान्र भययोग्य परमेश्वर हुनुहुन्छ। २२ अनि परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरूलाई बिस्तारबिस्तार तिमीहरूका सामुदेखि निकालिदिनुहुनेछ। तिमीहरूले उनीहरूलाई एकै चोटि नाश गर्न पाउनेछैनौ, नत्रता तिमीहरू वरिपरिका जङ्गली जनावरहरू धेरै संख्यामा बढ़िजानेछन्। २३ तर परमप्रभु तिमीहरूका परमेश्वरले उनीहरूलाई तिमीहरूको

अधीनमा पारिदिनुहुनेछ, र उनीहरू नष्ट नहोउञ्जेल उनीहरूमा ज्यादै गोलमाल ल्याइदिनुहुनेछ। २४ अनि उहाँले उनीहरूका राजाहरूलाई तिमीहरूका हातमा सुम्पिदिनुहुनेछ, र तिमीहरूले आकाशमुनिबाट उनीहरूका नाउँनिशानै मेटिदिनेछौ। कोही पनि मानिस तिमीहरूका सामुन्ने खड़ा रहन सक्नेछैन। तिमीहरूले उनीहरूलाई नाश गर्नेछौ।" र लेवी १८:२०-३० "२० " 'तिमीले परस्त्रीसित सहवास नगर्। त्यसरी तिमीले आफूलाई अशुद्ध नपार्। २१ " 'आफ्ना छोराछोरी मोलोखको निम्ति आगोमा चढ़ाएर आफ्ना परमेश्‍वरको नाउँ अपवित्र नपार्। म नै परमप्रभु हुँ। २२ " 'स्त्रीहरूसँगझैं पुरुषसँग सम्भोग नगर्। त्यो घृणित कार्य हो। २३ " 'कुनै पशु-प्राणीसित सम्भोग गरेर तिमीले आफूलाई अशुद्ध नगर्। स्त्री पनि सम्भोग गर्नलाई पशु-प्राणीसित नसुतोस्। त्यो अस्वाभाविक दुराचरण हो। २४ " 'यस्ता सबै कामहरूद्वारा तिमीहरू आफैलाई अशुद्ध नपार। म तिमीहरूका सामुन्नेबाट जुन जातिहरूलाई निकाल्दैछु तिनीहरू यी सबै कुरामा नै अशुद्ध भएका छन्। २५ त्यसरी नै त्यो देश अशुद्ध भएको हो। अनि मैले त्यसमाथि त्यसका अधर्मको दण्ड उठाएँ, र देशले आफ्ना बासिन्दाहरूलाई उकेलेर फ्याँकिदियो। २६ तर चाहे स्वदेशी होस्, चाहे तिमीहरूका बीचमा प्रवास गर्ने परदेशी होस्, तिमीहरूले मेरा विधिविधानहरू पालन गर्नू, र यस्ता घिनलाग्दा कामहरू नगर्नू। २७ किनभने यस्तै सबै घिनलाग्दा कामहरू त्यस देशका पूर्वबासिन्दाहरूले गरे, र त्यो देश अशुद्ध भयो। २८ मेरा विधिविधान पालन नगरेर यदि तिमीहरूले त्यस देशलाई अशुद्ध गऱ्यौ भने त्यसका पूर्वबासिन्दालाई झैं तिमीहरूलाई पनि त्यसले उकेलेर फ्याँकिदिनेछ। २९ " 'कसैले यीमध्ये कुनै घृणित काम गऱ्यो भने त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस्। ३० यसकारण अघिअघिकाहरूले गरिआएका घृणित काम तिमीहरूले चाहिँ नगर्नू र आफैलाई अशुद्ध नगर्नू भनी मैले दिएका आदेश पालन गर। म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ'।"

व्यवस्थालाई नकारात्मक शब्दहरू प्रयोग गरेर पावल बोल्न सक्दछन् रोमी ७:६ :गलाती २:१९। तर व्यवस्थाको बारेमा धेरै सकारात्मक धारणाहरू उनले राखेको पाइन्छ )रोमी ७:१२ ,रोमी ८:३,४ र रोमी १३:८ । इस्रायलीहरूलाई व्यवस्था श्रापको रूपमा परमेश्‍वरले लाइनु भएको थिएन। बरू त्यो पालन गरेर त आशिष होस् भन्ने उहाँको चाहना थियो। यहूदी परम्परा अर्थात् बलिप्रथाले पापलाई अन्तमा पखाल्न सकेको थिएन। तर त्यस प्रथाले कबुल गरिएको मसीहलाई औंल्याउँथ्यो ,जसले मानिसको पापलाई सफा गरेर धुन सक्नुहुन्थ्यो। बाइबलको समयमा भएका अनेकौं सभ्यता अर्थात् रहनसहनमा समावेश भएका पाप तथा दुष्ट आचरणहरूबाट इस्रायलीहरूलाई सुरक्षित राखेको थियो। पावलले व्यवस्थाको बारेमा सकारात्मक टिप्पणीहरू

बाइबलको अरू भागहरूमा गरेको मध्यनजरमा राख्दा उनले व्यवस्थाको बारेमा गरेको टिप्पणीहरूलाई नकारात्मक रूपमा लिनु गलत हो भनेर देखाउँदछ।

**कुनै असल वस्तुलाई गलत ढँगले प्रयोग गरिएको के तपाईंलाई थाहा छ ?मानिसको उपचारको निम्ति आविष्कार गरेको औषधीलाई लागु पदार्थको रूपमा प्रयोग गरेर दुरुपयोग गरेको एक ज्वलन्त उदाहरण हो। तपाईंकै जीवनमा यो तथ्यको अरू उदाहरणहरू तपाईंले देख्नुभएको छ ?यस ज्ञानलाई मध्यनजर राखेर हेर्दा ,व्यवस्थाको बारेमा पावलले गरेको टिप्पणीहरूलाई बुझाउन यसले कसरी सहयोग गर्दछ?**

## ४. व्यवस्था हाम्रो स्कूलको शिक्षक वा दिशानिर्देशक (गलाती ३:२४)

**व्यवस्था हामीलाई रक्षा गर्ने सुरक्षा गार्ड र हामीलाई नराम्रो वातावरणबाट सुरक्षित राख्ने शक्ति  हो भनेर पावलले गलाती ३:२३मा व्याख्या गरेका थिए। यो धारणालाई स्पष्ट पार्न पद २४मा पावलले कुन उदाहरण प्रस्तुत गरेको छ ?यसको अर्थ के हो? हेर्नुहोस् "२३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं। २४ *विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो।*"**

गलाती ३:२४मा लेखिएको ,"विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो", नेपाली भाषामा "संरक्षक "भनेर अनुवाद गरिएको छ भने किंग जेम्सको अङ्ग्रेजी अनुवादमा "स्कूलको शिक्षक "भनिएको छ। यो शब्द ग्रीक भाषाको पेडागोगोस )paidagogos) शब्दबाट अनुवाद गरिएको हो। बाइबलको अरू अनुवादमा "अनुशासनमा राखिने व्यक्ति "वा "गुरू "वा नेपालीमा "अभिभावक वा संरक्षक "भनेर अनुवाद गरिएको पाइन्छ। तर यथार्थमा यो शब्दको अर्थ एउटैले मात्र बुझाउँदैन। पौराणिक रोमको सभ्यतामा पेडागोगोस वा अनुशासनमा चलाउने व्यक्ति दास थियो जसले मालिकका छ ,सात वर्षका छोराछोरीहरूलाई तह लगाउन खटाइन्थ्यो। युवा अवस्था नहुँञ्जेल त्यो दासले ती केटाकेटीको पछि पछि लाग्नु पर्दथ्यो। त्यस रेखदेख गर्ने दासको अरू जिम्मेवारी पनि थियो ,जस्तै मालिकका छोराछोरीहरूको शारीरिक अवस्थामा ध्यान दिने ,तिनीहरूलाई नुहाइ दिने ,खाना, लुगा दिने र खतराबाट सुरक्षा प्रदान गर्ने। तिनीहरूलाई स्कूल पठाउने र तिनीहरूले होमवर्कमा गऱ्यो कि गरेन भनेर हेर्ने पनि त्यस दासको जिम्मेवारी थियो। तिनीहरूको जीवनशैली ठीक छ कि छैन र तिनीहरू ठीक नैतिक व्यवहारमा चलेको छ कि छैन भनेर सिकाउन र हेर्न त्यस दासबाट अपेक्षा गरिन्थ्यो।

निसन्देह :कुनै कुनै दास-गुरुलाई केटाकेटीहरूले मन पराएका हुन्थे किनभने तिनीहरूले आफ्ना संरक्षकमा रहेका बालबालिकाहरूलाई माया गर्दथे। तर त्यसबेलाको वर्णन अनुसार प्रायजसो ती दास-गुरूहरू अत्यन्त कडा हुन्थे। पिटेर हुन्छ कि निर्दयी तरिकाले तर्साएर हुन्छ ती दास-गुरूहरूले केटाकेटीहरूलाई तह लगाउँथे। व्यवस्थालाई कडा अनुशासनमा राख्ने गुरूको संज्ञा दिएर त्यसको काम के रहेछ भनेर उनले आफ्नो धारणा स्पष्ट रूपमा राखेको पाइन्छ। व्यवस्था विषेश गरेर दश आज्ञा नै किन नहोस् ,त्यसले हाम्रो पापलाई औंल्याउँछ र त्यसबाट पर बस्न के गर्नुपर्छ भनेर सिकाउँछ। त्यहि पापले गर्दा व्यवस्था थपिएको हो। व्यवस्थाको स्वभावले गर्दा त्यसप्रति नकारात्मक सोचाइ राखिन्छ। किनभने यसले हामीहरूको पापले गर्दा हामीलाई झपार्छ र हामी पापी हौं भनेर दोषी तुल्याउँछ। तर व्यवस्थाको त्यो नकारात्मक भूमिकाले हाम्रै भलाइको काम गर्दछ। व्यवस्थाको नकारात्मक स्वभावले हामीलाई ख्रीष्टतिर डोर्‍याउँछ। यसले गर्दा व्यवस्था र सुसमाचार प्रतिस्पर्धाको रूपमा नभएर एक आपसमा पूरक भएर काम गर्दछ। हामीलाई नै मुक्ति दिन वा पापबाट मोक्ष दिलाउन परमेश्वरले व्यवस्था र सुसमाचार सँगसँगै योजनावद्ध रूपमा दिनुभएको थियो।

गलाती ३:२४ पदमा विशेष गरेर दश आज्ञाको बारेमा पावलद्वारा पवित्र आत्माले बोलिरहनुभएको थियो। व्यवस्था वा दश आज्ञाले हाम्रो पापलाई देखाउँदछ। यसले हामीलाई ख्रीष्टको आवश्यकतालाई पहिचान गराउँदछ। उहाँबाट पाउने क्षमा र शान्तिको निम्ति उहाँतिर हामी फर्कौं भनेर यसले चाहन्छ। पापको प्रायश्चित गर्दै परमेश्वरकहाँ हाम्रो मन यसले फर्काउँछ। अनि त्यसबाट अभिप्रेरित भएर विश्वाससाथ हामी प्रभु येशूख्रीष्टमा लाग्दछौं।"-एलेन जी ह्वाइट ,सेलेक्टेड मेसेजेज् ,बुक १ ,पृ. २३४बाट रूपान्तरित।

**तपाईंको काम र व्यवस्था अर्थात् दश आज्ञासँग मिलेमतो छ कि छैन भनेर पछिल्लो पटक कहिल्यै तुलना गर्नुभएको छ ?यदि छैन भने अहिले गर्नुहोस्। केवल अक्षरस रूपमा व्यवस्थासँग तुलना नगर्नुहोस् तर आत्मिक रूपमा पनि गर्नुहोस् )मत्ती ५:२८ ,रोमी ७:६(। यसको परिणाम के भएकोछ ? यस पत्रमा पावलले के भनिरहेको छ भनेर तपाईंकै आफ्नो अनुभवले के भन्दछ?**

## ५. व्यवस्था र येशूका निष्ठावान भक्त (गलाती ३:२५)

व्यवस्थालाई अधीननियम वा परम्परामा ढालेर त्यसको पालना गर्नुपर्दैन भनेर पावलको गलाती ३:२५को टिप्पणीलाई गलत ढँगले वाख्या गर्दै त्यसबाट अलग हुन धेरैले बहाना बनाउँछन्। पावलले व्यवस्थाको बारेमा

बाइबलको अरूभागमा सकारात्मक टिप्पणीहरू गरेको सन्दर्भमा त्यो बहाना अर्थहीन छ।

यद्यपि गलाती ३ः२५मा उल्लेखित ,“तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं। "भनाईको तात्पर्य के हो त?

**प्रथमत** :अब व्यवस्थाले दिने दोषको अन्तर्गत हामी छैनौं )रोमी ८ः३(। येशूप्रतिको निष्ठामा अडिग भएको हुनाले हामी ख्रीष्टमा छौं र उहाँको अनुग्रहको अवसरलाई उपभोग गरिरहेकाछौं )रोमी ६ः१४,१५(। यसले गर्दा अब हामीले अलिकति भुल गरेतापनि दोषी ठहरनिछौं वा अनुशासनको लठ्ठीले हान्लाकि भनेर नडराईकन पूर्णरूपले येशूको सेवा गर्न स्वतन्त्र हुन्छौं।सुसमाचारले दिइएको सही वा सत्य स्वतन्त्रता भनेको के हो भनेर त्यस धारणाले हामीलाई सिकाउँदछ। अब दश आज्ञा निकम्मा भयो ,त्यसको वास्ता गर्नु पर्दैन भनेर हात बाँधेर बस्नलाई त्यस धारणाले समर्थन गर्दैन। कतिले भन्दछ , परमेश्वरको दश आज्ञा वा व्यवस्थाको मुनि नरहनु वा परमेश्वरको विधिको शासनमा नरहनु नै येशूमा पाउने स्वतन्त्रता हो भनेर दावी गर्दछन्। तर व्यवस्थालाई अवज्ञा गर्नु नै पाप हो। अनि पापले सबै थोक त दिन्छ होला तर सच्चा स्वतन्त्रता दिँदैन यूहन्ना ८ः३४।

**अब दश आज्ञा वा व्यवस्थाले हामीलाई दोष देखाएर न्याय गर्दैन भनेर पावलले रोमी ८ः१-४मा भनेको तात्पर्य के हो ?यो अचम्मको सत्य कुराले हाम्रो जीवनमा कसरी प्रभाव पार्नुपर्दछ? हेर्नुहोस्ः "१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात्उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।"**

जब हामीलाई ख्रीष्टले क्षमा दिनुभयो तब दश आज्ञा वा व्यवस्थासँगको सम्वन्ध भिन्नै हुन जान्छ। अब परमेश्वरले मनपर्ने जीवन हामीले बिताउनुपर्छ भनेर दश आज्ञाले आह्वान गरिन्छ १ थेस्सोलोनी ४ः१। पावलले यस जीवनलाई पवित्र आत्मासँगसँगै हिंड्नु हो भनेर तुलना गर्दछन् गलाती ४ः१। यसको अर्थ यो होइन ,दश आज्ञाको नैतिक व्यवस्थाको औचित्य हाम्रो निम्ति समाप्त भयो। यो विषयमा कहिल्यै पनि बादबिवाद भएको थिएन। पाप भनेको के हो भनेर दश आज्ञाको वा व्यवस्थाले नै स्पष्ट रूपमा परिभाषा गर्दछ भने ,व्यवस्थाको औचित्य कसरी समाप्त भयो भनेर हामी भन्न सक्छौं?

बरू दश आज्ञा वा व्यवस्था परमेश्वरको चरित्रको प्रतिलिपि हो। जब हामी परमेश्वरको आज्ञालाई पालन गर्दछौं ,हामीले पनि उहाँको चरित्रलाई प्रतिविम्व गर्दछौं। नीतिनियम वा विधिलाई पछ्याउनु नभइ हामी येशूको उदाहरणको पछि लाग्दछौं। व्यवस्थाले के गर्न सक्दैन उहाँले हाम्रो निम्ति गर्नुहुन्छ। उहाँले त्यस नैतिक व्यवस्थालाई हाम्रो हृदयमा कोरिदिनुहुन्छ )हिब्रू ८:१०(। दश आज्ञा वा व्यवस्थाले माग गरेको धार्मिक आवश्यकतालाई पूरा गर्न उहाँले नै हामीलाई सामर्थी बनाउनुहुन्छ )रोमी ८:४(। त्यसकारण येशूसँगको सम्वन्धले गर्दा पहिला कहिल्यै पनि नपाएको व्यवस्था वा दश आज्ञा पालन गर्ने शक्ति हामी पाउँदछौं।

**यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस् ,हामो जो पापस्वभावका होइन ,तर पवित्र आत्मा अनुसार चल्दछौं। "पावलको रोमी ८:४को अभिव्यक्तिले हामीलाई के भनिरहेको छ ?के यो प्रतिज्ञा वा कबूल तपाईंकै जीवनमा कहिल्यै पूरा भएको अनुभव गर्नुभएको छ ?मुक्ति भनेको हाम्रो निम्ति ख्रीष्टले के गर्नुभयो भन्ने आधारमा छ तर हामीले केहि गर्ने आधारमा होइन। यो सत्यलाई किन हरदम आत्मसात् गरिराख्नुपर्दछ?**

## उपसंहारः

थप जानकारी :"गलातीको पत्रमा उल्लेख गरिएको व्यवस्थाको बारेमा मानिसहरूले मलाई जिज्ञासा राखेकाछन्। कुन व्यवस्था संरक्षक वा गुरु हो जसले ख्रीष्टमा हामीलाई ल्याउँदछ ?म यो जवाफ दिन्छु :दुबै विधि (बलिप्रथा)र दश आज्ञाका नैतिक आज्ञाहरू।

"सारा यहूदी धर्मको संस्थापक ख्रीष्ट हुनुहुन्थ्यो। येशू ख्रीष्टको रगतले मुक्ति पाउँछ भन्ने परमेश्वरको योजनालाई कयिनले अवज्ञा गरेको कारण हाबेललाई उसले मारिदियो। जब यहूदीले थुमालाई मारेर त्यसको रगत परमेश्वरको पवित्र बासस्थानमा छर्किन्थ्यो तब त्यसले ख्रीष्टलाई औंल्याएको हुन्थ्यो। कयिनले थुमाको बलि चढाउन अस्वीकार गर्दा ख्रीष्टको रगतले मात्र संसारको उद्धार हुन्छ भन्ने ज्ञानलाई उसले सरासर ठुक्राएको पाउँछौं। बलिप्रथाको सम्पूर्ण योजना परमेश्वरले नै स्थापना गर्नुभएको थियो। र त्यस सारा बिधिको आधार ख्रीष्ट हुनुभएको थियो। पवित्र स्थानमा गरिने सबै बिधिबिधानहरू स्कूलको शिक्षक जस्तै हुन् जसले पापी मानिसहरूलाई येशूतिर हेर्न सघाउँदछ। सारा यहूदी धार्मिक विधिविधानहरूको आधारशिला ख्रीष्ट हुनुहुन्छ।

"पौराणिक इस्राएलमा पवित्र बासस्थानमा गरिने दैनिक सेवाकार्यहरूले सबै मानिसहरूको निम्ति ख्रीष्टले महा-पूजारीको काम गर्नुभएको थियो भन्ने देखाइएको थियो। प्रत्येक मानिसको हृदयमा परमेश्वरको व्यवस्थामा प्रेम जागोस भनेर यो सेवाकार्यको स्थापना गरिएको थियो। त्यो परमेश्वरको राज्य

व्यवस्था हो।"-एलेन जी ह्वाइट ,सेलेक्टेड मेसेजज् ,बुक १ ,पृ. २३३बाट रूपान्तरित।

"दश आज्ञाको व्यवस्था वा नीतिनयम केवल हामीलाई दोषी ठहराउनलाई दिइएको थिएन। यसले परमेश्वरको करुणालाई पनि देखाउँदछ। यसले यस्ता कामहरू गर्नु हुन्न भनेर निर्देशन दिँदछ ,जसलाई पालन गर्दा हामीलाई सुख दिँदछ। यदि येशूमा ती आज्ञालाई लिन सक्यौं भने त्यसले हाम्रो चरित्रलाई निर्मल र शुद्ध बनाउँदछ जसले हामीलाई सदाको निम्ति आनन्द ल्याउँदछ। जो मानिसहरूले त्यसलाई पालन गर्दछ तिनीहरूको निम्ति परमेश्वरको आज्ञा सुरक्षादिने किल्ला हुनजाँदछ।"।"-एलेन जी ह्वाइट , सेलेक्टेड मेसेजज् ,बुक १ ,पृ. २३५बाट रूपान्तरित।

**चिन्तनमननः**

क) हाम्रो जीवनमा पापप्रति कसरी बिजय प्राप्त गर्ने भनेर आन्तरिक संघर्ष गरिरहेका हुन्छौं। पापप्रति बिजय पाउन परमेश्वरले हामीलाई धेरै प्रतिज्ञाहरू दिनुभएको छ। के ती प्रतिज्ञाहरू तपाईंलाई थाहा छ ? ती प्रतिज्ञाहरूलाई हामीहरूको जीवनमा वास्तविक बनाउने के गर्ने ?फेरि त्यसै समयमा मुक्तिको निम्ति हाम्रो पूर्ण आशा हाम्रो निम्ति येशूले प्राप्त गर्नुभएको बिजयमा नै भरपर्नुपर्छ भनेर कसरी सजग हुने?

ख) दश आज्ञाको औचित्य समाप्त भयो भनेर अधिकांस इसाईहरूले दावी गर्दछन्। फेरि ती इसाईहरूले नै पापको बिरूद्धमा बोल्दछ। यसको अर्थ दश आज्ञा नराम्रो छैन भनेर तिनीहरूले भनिरहेको त होइन। त्यसकारण व्यवस्था वा दश आज्ञा हटिगयो भन्दा तिनीहरूले के भन्न खोजिरहेको हो? के इसाई हुँ भनेर दावी गर्नेहरूको चेतनामा दश आज्ञाले बोल्दा परमेश्वरको भन्दा आफ्नो मनोमालिन्यमा हिंड्न चाहेकोले नै दश आज्ञा खतम भयो भनेर तिनीहरूले वकालत गर्दछन् कि?

**सारांश :**

येशूको आवश्यकता छ भने पापीहरूलाई औंल्याउन व्यवस्था दिइएको थियो। स्कूलको शिक्षक वा अभिवाकले जस्तै यसले परमेश्वरको बारेमा शिक्षादीक्षा दिँदछ र खराब तथा दुष्टताबाट हामीलाई सुरक्षित राख्दछ। जसरी गुरुले सजायँ दिने जस्तै यसले हाम्रो पापपूर्ण चरित्रलाई प्रकट गर्दछ र हामी दोषी भएको यसले ठहराउँछ। त्यस दोष दिने न्यायको व्यवस्थाबाट ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुहुन्छ किनभने अब उहाँको व्यवस्था कुनै पाटी वा कागजमा नभएर हाम्रो हृदयमा उहाँले लेखिदिनुहुन्छ।

कथा ७

# निर्दोष मानिस झ्यालखानामा

*यस जीवनमा यो भन्दा खराब कुरो के हुन सक्छ र?* प्रभा झ्यालखानाको कालो कोठरीमा दिक्क मान्दै आफूले आफै सोध्न थालिन्। *यो अपराधमा म निर्दोष छु। देवीदेवताहरूले मेरो रूवाई किन सुनिरहेका छैनन्?* १६ वर्ष पुग्न लागेकी प्रभा उनले नगरेको हत्याको अपराधको निम्ति उनी झ्यालखानामा थुनिएकी थिइन्।

प्रभाको परिवार गरिब थियो। उनी र उनका दिदी स्कुलमा जान सकेका थिएनन्। परिवारलाई खानेकुरा दिन तिनीहरूले काम गर्नुपरेको थियो। उनी १५ वर्ष हुँदा उनको बुबाको मृत्यु भएको थियो जसले गर्दा परिवार झन झन गरिबीमा डुबेको थियो। मर्नुभन्दा पहिले उनको बुबा इसाई हुनुभएको थियो। त्यसले उनलाई के फरक पार्‍यो र प्रभाले सोचिन्। जे भएपनि बुबा बितिसक्नुभएको थियो।

एक जना धनी बूढी आमाको घरमा प्रभा काम गर्थिन् र उनलाई आदरपूर्वक आमा भनेर सम्बोधन गर्थिन्। खाना पकाउने, घर सफा गर्ने र नियास्रो भएको बेलामा त्यस आमासँग साथी जस्तो भएर कुराकानी गर्ने उनको काम थियो। आमा प्रभालाई मन पराउँथिन्। उनी श्रीमानको मृत्यु भएपछि प्रभा नै उनको निम्ति साथी भएकि थिइन्।

काम सकिएपछि एक दिन बेलुका प्रभा घर फर्कैनै लागेको बेलामा त्यस दिन आफूसँग रहन आमाले प्रभालाई अनुरोध गरिन्। आफू एक्लै भएकोले उनलाई साथी बस्न आमाले अनुरोध गरेकी थिइन्। आमा एक्लै भएको प्रभालाई थाहा थियो त्यसकारण त्यो रात उनीसँग बस्न मञ्जुर गरिन्। आमाको धर्मपुत्र गाउँबाट अन्तै गएको थियो।

बिहान ३ बजेतिर आमाले प्रभालाई उठाएर भनिन्, "आज मेरो देवताको बिशेष पर्ब हो। म बिहानै नुहाएर आराधना गर्न चाहन्छु। त्यसकारण मलाई नुहाउन पानी तताइदेऊ ल!" हुन्छ भनेर अँध्यारो कोठाबाट बाहिर निस्केर भान्सा कोठामा प्रभा गइन्।

जब उनले भान्सा कोठा खोलिन् त, त्यहाँ धेरै मानिसहरू लुकिरहेको उनले देखिन्। उनी चिच्याउनुभन्दा पहिले ती मानिसहरूले उनलाई झ्यापझुप समातेर उनको मुख बन्द गरिदिए। एक जनाले चक्कु लिएर उनलाई मार्न

धम्की दिए। उनलाई धेरै चोटी छुराले हाने। अर्कोले उनलाई डोरिले बाँधेर एउटा कुनामा घचेडि दिए। तिनीहरू आमाको कोठामा गएको उनले पुलपुल हेर्नुपऱ्यो।

जब ती मानिसहरू आमाको कोठामा गए तब आमा चिच्च्याएको उनले सुनिन्। तिनीहरूले उनीसँग पैसा, सुन र गहनाहरू मागे। अनि प्रभाले आमा उकुसमुकुस भएर चिच्याएको सुनिन् र अनि ढङग्रङ्ङ ढलेको सुनिन्। अनि मानिसहरू घरबाट भागेको उनले सुनिन्।

आफूलाई बाँधिएको डोरीबाट उनी जबरजस्ती फुत्किइन् र भान्साबाट बाहिर जान खोजिन्। भान्सा कोठाबाट बाहिर चुकुल लगाइएको थियो। अनि उनले झ्याल फोडेर गुहार गुहार भनी कराइन्। आमाको कोठामा जाँदा त उनी अचेत भएर ढलिरहेकी थिइन्। "आमा, आमा!" भनेर उनी कराइन्। तर उनी मरिसकेकी थिइन्।

प्रभाले झ्यालबाट बाहिर पुलिसहरू हिँडिरहेका देखिन् र गुहार मागिन्। "डाँकाहरूले आमालाई मारे" भनेर उनी थरथर काम्दै पुलिसलाई भनिन्।

जब पुलिस आए त के भयो भनेर सबै कुरा उनले तिनीहरूलाई बताइदिए। तिनीहरूले उनलाई अस्पताल लगे र उनको घाउको उपचार गरे। अनि उनलाई छोडिदिए। तर पछि उनलाई फेरि समातेर झ्यालखानामा लगे।। आमालाई मार्ने उनी नै हुन् भनेर पुलिसहरूले उनीमाथि अभियोग लगाएका थिए।